# दैनिक गतिविधि

३० बैशाख, २०७७


प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
PHEOC: ०६१-५२४०७४
फ्याक्स: ०६१-५२०३३०
टोल फ्री नं. १०९२






सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यू, सचिवज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खटिइ आउनुभएका डा. प्रदीप के.सी सहितको टोली, महाशाखा प्रमुख ज्यूहरु, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशकज्यू, विश्व स्वास्थ्य संगठनका प्रतिनिधिहरु लगायत मन्त्रालय अन्तर्गतका कार्यालयका अन्य कर्मचारीहरु सम्मिलित समिक्षा बैठक मन्त्रालयको सभाहलमा सम्पन्न भएको छ। बैठकमा गण्डकी प्रदेश सरकारका तर्फबाट कोभिड - १९ रोकथाम र नियन्त्रणका लागि भए गरेका प्रयासहरु, चुनौतिहरु र सुधार गर्नु पर्ने पक्षबारे छलफल भएको थियो ।

आजदेखि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पश्चिमान्चल क्षेत्रिय अस्पतालको ओ.पी.डी सेवा सुचारु भएको छ ।



स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट गण्डकी प्रदेशमा खटिई आउनुभएका डा. प्रदिप के.सी र डा. सन्तोष के.सीले आज स्वास्थ्य कार्यलय पर्वत र जिल्ला अस्पताल पर्वत तथा धौलागिरी अञ्चल अस्पताल बाग्लुङको निरिक्षण भ्रमण गर्नुभएको छ । सो क्रममा उहाँहरुले जिल्ला स्थित अस्पतालहरुको कोभिड-१९ उपचारको पूर्वतयारी तथा जिल्लामा कोभिड-१९ नियन्त्रण र व्यवस्थापनका लागि गरिएको कार्यहरु र चुनौतीका बारेमा जानकारी लिनुभएको थियो ।





कोभिड - १९ को रोकथाम, उपचार, ब्यवस्थापन एवं Recording Reporting लगायतका विषयमा स्वास्थ्य कार्यालय स्याङ्जामा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रमको अध्यक्षता स्वास्थ्य कार्यलय स्याङ्जाका प्रमुख श्री याम प्रसाद शर्माले गर्नुभएको थियो भने सहजीकरण दिवाकर शर्मा, मोहदत्त ढकाल, शोभाखर ढकाल, सवीन शर्मा लगाएतले गर्नुभएको थियो । कार्यक्रममा स्याङ्जाका सम्पूर्ण स्थानीय तहका सूचना प्रविधि अधिकृत र स्वास्थ्य संयोजकको उपस्थीती रहेको थियो ।


Website: http://hd.gandaki.gov.np/
Email Address: hd.gandaki@gmail.com

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR / RDT समेत) सम्बन्धि बैशाख ३० गते (४ बजे सम्म) जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण ।

| जिल्ला | क्वारेन्टाइन | | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना (PCR) | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | बेड | बसेका | | | | | | |
| कास्की | 10 | 305 | 11 | 70 | 0 | 774 | 1230 | 254 | 249 | 0 | 5 |
| स्यांग्जा | 36 | 635 | 171 | 10 | 0 | 601 | 832 | 105 | 105 | 0 | 0 |
| तनहुँ | 28 | 201 | 12 | 42 | 0 | 848 | 625 | 22 | 22 | 0 | 0 |
| लमजुङ | 75 | 990 | 88 | 18 | 0 | 288 | 276 | 53 | 53 | 0 | 0 |
| गोरखा | 52 | 415 | 25 | 27 | 0 | 436 | 675 | 29 | 29 | 0 | 0 |
| पर्वत | 96 | 251 | 21 | 20 | 0 | 364 | 373 | 92 | 92 | 0 | 0 |
| म्याग्दी | 30 | 357 | 140 | 6 | 0 | 214 | 372 | 16 | 16 | 0 | 0 |
| बाग्लुङ | 42 | 335 | 15 | 16 | 0 | 912 | 1127 | 76 | 74 | 2 | 0 |
| नवलपुर | 61 | 872 | 21 | 16 | 0 | 918 | 938 | 71 | 71 | 0 | 0 |
| मनाङ | 9 | 93 | 25 | 7 | 0 | 3 | 41 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ | 12 | 97 | 0 | 3 | 0 | 25 | 37 | 1 | 1 | 0 | 0 |
| **जम्मा** | 451 | 4551 | 432 | 235 | 0 | 5383 | 6527 | 734 | 727 | 2 | 5 |

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं